
बाल सन्दर्भसामग्री

बालबोध - ४३

# च्यान्टे घोडाको कथा



891.495
CDC-c
2060

बाल सन्दर्भसामग्री

बालबोध - ४३

श्री ५ को सरकार
शिक्षा मन्त्रालय
शैक्षिक पाठ्यक्रम विकास केन्द्र
पुस्तकालय तथा प्रलेखन केन्द्र
सानोठिमी, भक्तपुर, नेपाल

891.495
CDC-C
2060

# च्यान्टे घोडाको कथा

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : श्री ५ को सरकार<br>शिक्षा तथा खेलकुद मन्त्रालय<br>पाठ्यक्रम विकास केन्द्र<br>सानोठिमी, भक्तपुर

लेखन : रामबाबु सुवेदी

सम्पादन : जयप्रसाद लम्साल

भाषा सम्पादन : शम्भु दाहाल

चित्राङ्कन : राजुबाबु शाक्य

आवरण तथा रूपविन्यास : नबिन्द्रमान राजभण्डारी

सामग्री विकास संयोजन : हर्कप्रसाद श्रेष्ठ

सर्वाधिकार प्रकाशकमा सुरक्षित

पहिलो संस्करण : २०६० साल

छपाइ प्रति : ५६,०००

मुद्रण : नेपाल प्रिन्टर्स एन्ड ट्रेडर्स सहकारी संस्था लि.<br>मैतिदेवी, काठमाडौँ

# प्राक्कथन

पाठ्यक्रम विकास केन्द्रले शिक्षाको गुणस्तर वृद्धिका लागि चलाएका विविध कार्यक्रममध्ये बाल सन्दर्भसामग्रीको प्रकाशन पनि एक हो । पाठ्यपुस्तकका अतिरिक्त अन्य पठन सामग्रीबाट पनि पाठ्यक्रमका उद्देश्यलाई प्राप्त गरी आफ्नो ज्ञान, सीप वा अभिवृत्तिको विकास गर्न प्राथमिक तहका विद्यार्थीहरू सक्षम होऊन् र अन्तत: व्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन भई सिर्जनशील नागरिकको विकास हुन सकोस् भन्ने यी सामग्रीका मूल उद्देश्य रहेका छन् ।

प्राथमिक तहका केटाकेटीका लागि जिज्ञासा पैदा गर्ने, रुचि बढाउने र चाख मानीमानी पढेर प्रेरणा लिने प्रकारको सामग्रीको खाँचोलाई पूरा गराउन पनि यो प्रकाशन-माला चलाइएको हो । यसले पूरक पाठ्यपुस्तकको काम पनि गरोस्, मनोरञ्जन पनि देओस्, पठनप्रवृत्ति पनि बढाओस् भन्ने प्रयोजन पूरा गराउने वस्तु, भाषा-शैली र प्रस्तुतिको छनोट गर्न खोजिएको छ, जसले पढ्ने रुचिलाई बढाई विद्यार्थीहरूलाई विद्याव्यसनी बनाउन सकोस् तथा हरेक क्षण र कामलाई शिक्षापरक ढङ्गबाट हेर्ने बानी बसालोस्, अनि हाम्रा भोलिका नागरिक सभ्य, शिष्ट र अनुशासित बनून्, त्यसो भएमा नै आजका प्रयत्नहरूको सार्थकता पनि रहन्छ ।

यसअघि विगतका वर्षहरूमा विभिन्न ३८ शीर्षकका बाल सन्दर्भसामग्रीहरू प्रकाशित भइसकेका छन् । यस वर्षका पाँच शीर्षकसमेत अब ४३ विभिन्न शीर्षकमा सामग्रीको प्रकाशन भएको छ । सामग्रीमा विविधताका लागि प्रशस्त प्रयत्न गरिएको छ र यसलाई अरू विविधतायुक्त बनाउने प्रयास पनि भइरहेको छ ।

हाम्रो यस प्रयासमा सामग्रीको लेखन/सम्पादन गरेर, चित्र बनाएर, सल्लाह दिएर वा अन्य प्रकारले सहयोग गर्ने सम्पूर्ण महानुभावहरूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता प्रकट गर्दछ र हाम्रो यस कार्यलाई फलदायी र गुणस्तरीय पार्न यसका पाठक, लेखक तथा शिक्षक, अभिभावक, समस्त बुद्धिजीवी र शिक्षाविद्‌बाट सल्लाह एवम् सुझावको अपेक्षा सदाझैं राखेको कुरा विनम्रतापूर्वक ज्ञापित गर्दछौं ।

शिवप्रसाद सत्याल
महानिर्देशक
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

वि. सं. २०६०

# विषयक्रम

१. अराहको गधा १

२. ट्वारट्वार ! गुहारगुहार ! ४

३. नुहाउने बाछी ७

४. च्यान्टे घोडाको कथा १२

५. बेहुलीको छनोट १६

# अराहको कथा



सहरको नजीकै एउटा धोबी बस्थ्यो । उसको नाम अराह थियो । उसकी स्वास्नीको नाम लहना थियो । छोरीको नाम मिदुरी थियो । बिराली भनेपछि ऊ हिरिक्कै गर्थी । एक दिन . . .
ए, लहना । आज पनि बूढो गधा आएन । अब त्यसको काम छैन जस्तो छ ।
मिदुरीले बिरालीलाई माया गरेझैं माया गर्नुपर्छ नि त ! तब पो त्यो बूढो गधाले घर सम्झन्छ ।
मिदुरी पनि गधालाई खूब माया गर्थी । उसका आँखा खालि तगारातिरै थिए -
बा ! गधा आयो ! बा ! गधा आयो ! हेर्नुहोस् त तगारामा हाम्रो गधा !
गधा थरथर कामिरहेको थियो । तीन जनाले बल्लबल्ल त्यसलाई कटेरामा लगेर बाँधे -
यसलाई नबेची भएन । देखेपछि झन् माया लाग्छ । बरु नदेखेकै जाती ।
अराहले गधा बेच्ने नै निधो गऱ्यो । लहनाले नबेचौं भनेर धेरै सम्झाइन् -
तपाईं गधा नबेची नछोड्ने हो भने म पनि बिराली बेचिदिन्छु । भोलि गधा र बिराली लिएर बजार जानुहोस् र बेचेर आउनुहोस् ।


अन्त्यमा उनीहरूले दुवैलाई सँगसँगै बेच्ने निधो गरे -
गधाको मूल्य कति हो नि ?
गधाको मोल एक रुपियाँ हो । म त्यसलाई एक रुपियाँमा बेच्छु । बिरालीको मोल कति हो नि ? मैले उसलाई कतिमा बेच्नुपर्ने हो ?
लहना बाठी थिई । उसले बाठै कुरा गरी -
बिरालीको मोल एक हजार रुपियाँ हो । त्यसलाई एक हजारमा बेच्ने हो । तर गधा र बिराली सँगै बेच्नुपर्छ नि ।
भोलिपल्ट अराह गधा र बिराली लिएर बजार गयो । बजारको चोकमा उभिएर ऊ चिच्यायो -
एक रुपियाँमा गधा लिनुहोस् । साथमा बिराली छ, त्यो पनि लिनुहोस् । मौका नगुमाउनुहोस् । एक रुपियाँमा गधा लिनुहोस् ।
एक रुपियाँमा गधा पाइने कुरा सुनेपछि मान्छेहरूको भीड लाग्यो -
ए ! म लिन्छु ।
म लिन्छु ।
तिम्रो गधा म लिन्छु । भन, बिरालीको मोल कति हो ?



बिरालीको मोल एक हजार रुपियाँ हो । गधा लिने मान्छेले बिराली पनि लिनैपर्छ ।
बिरालीको मोल सुनेपछि मान्छेको भीड स्वात्तै हरायो । अराह अर्को चोकमा गएर करायो । त्यहाँ पनि त्यस्तै भयो -
एक रुपियाँमा गधा लिनुहोस् । साथमा बिराली छ, त्यो पनि लिनुहोस् । एक रुपियाँमा गधा लिनुहोस् ।
अन्त्यमा लखतरान भएर ऊ घरमा पुग्यो -
मिदुरीकी आमा ! बुझिस्, अब यी दुईलाई कहिल्यै कहीँ बेच्ने होइन । मीठोमीठो खान दिएर सधैँ पाल्ने हो ।
लहना मुसुक्क हाँसी -
छोरीलाई बजारमा बेच्न लगेको कुरा नभन्नुहोस् नि ! मैले पनि भनेकी छैन । थाहा पाइभने उसले चित्त दुखाउँछे ।
खेल्न गएकी मिदुरी टुप्लुक्क आइपुगी -
मेरी प्यारी बिराली ! तिमी मलाई छोडेर कहाँ गएकी नि ? सहर गएकी ? बुवाले तिमीलाइ कहाँकहाँ घुमाउनुभयो, भन त ।
बुवा ! हाम्रो प्यारो गधा र हाम्री प्यारी बिरालीलाई कहाँ लगेर ल्याउनुभएको ? अस्पताल लगेर ल्याउनुभएको हो ?
समाप्त

# ट्वारट्वार ! गुहारगुहार !




आगो एक घरबाट अर्को घरमा सल्कँदै गयो -
गाउँलेहरू खोरबाट भेडाबाख्रा निकालेर धपाउन थाले -
पाडा, बाच्छा र गाईभैंसीका दाम्ला काटिदिए -
बलबहादुरले गाउँतिर हेरेर भन्यो -
यो बुद्धिबहादुरको नाम मात्र बुद्धिबहादुर रहेछ । हामीलाई भेडाबाख्रा डढ्लान् भन्ने पनि पीर छैन, गाईभैंसी डढ्लान् भन्ने पनि पीर छैन । आफ्नो घरमा सञ्चोसित नबसेर बेकारको खैलाबैला !
एउटा बच्चाको लुगामै आगो सल्केछ । बिचरोकी आमाले रुँदै-कराउँदै आगो निभाइन् -
ए बलबहादुर ! त्यो बालककी आमालाई हेर त ! हामीलाई क्यै भयो भने हाम्री आमालाई पनि त्यस्तै पीर पर्दैन ?
टाढाटाढाका घरबाट पानी ल्याएर मानिसहरूले आगामा खन्याए । एउटा मान्छेले बाल्टिनको पानी आगोमा हुत्याउँदा बाल्टिनै आगामा पऱ्यो । उसको सानो छोरो 'मेरो बाल्टिन डढ्यो' भन्दै रुन थाल्यो ।


देख्नुभयो बुद्धिबहादुरजी ! मान्छेका छोराले मात्र 'मेरो बाल्टिन डढ्यो !' भनेर रुनुपर्छ । हाम्रा छोराछोरीले कहिल्यै त्यसरी रुनुपर्दैन ।
हाम्रा छोराछोरीले पनि रुनुपर्छ बलबहादुर ! अब हेर, मानिसले हतारहतार पानी उबाउँदा हाम्रो के गति हुन्छ !
एउटा बाखाको पाठाको पुच्छरमै आगो लागेछ । बिचरो म्याँम्याँ गर्दै लड्यो -
मान्छेहरू गाग्री, बाल्टिन, घैंटो, घल्चा लिएर दौडन थाले -
पानी ! पानी
मान्छेहरूको हुल पोखरीनेरै आइपुग्यो । हतारमा एउटा मान्छेले एउटा भ्यागुतालाई कुल्चिएछ, ऊ त्यहीँ मर्‍यो -
भ्यागुताहरू झन् आत्तिए -
हो त ! अब हामी पनि हतारमा पानीसँगै गाग्री र घैंटाहरूमा पर्न सक्छौं । उनीहरूले आगोमा पानी हुत्याउँदा हामी पनि हुत्तिदैं आगोमा परेर मर्न सक्छौं ।
बलबहादुर पनि अत्तालियो । आँसु झार्दै आखिरमा उसले भन्यो -
बुद्धिबहादुर साँची नै बुद्धिमान् रहेछ । अब हामी आगोबाट बाँच्न गाह्रो छ । छिमेकीका घरमा आगो लागेपछि पानीको घर पनि सुरक्षित हुँदो रहेनछ ।
समाप्त

# नुहाउने बाछी


समीर र उसका बाबु लछुमन एकाबिहानै
डाँडापारिका अक्कले काकालाई भेट्न निस्के -
समीर ! हिँड्दाखेरी पनि किन त्यसरी
कुकुर्किएर हिँडेको ? जाडो भयो ?
समीरले एकपटक पुलुक्क पूर्वतिर हेऱ्यो -
घाम पनि कुन बेला उदाउने हुन् कुन्नि !
मलाई त असाध्यै जाडो भयो, बुबा !
लछुमनले हिँडाइको गति अझ बढाए -
मैले त नआइज भन्दै थिएँ नि ।
मानिनस् त । आइहालिस् हिँड् छिटोछिटो ।
उनीहरू एउटा ठूलो जङ्गलमा पुगे ।
बाटोमा कुन्नि केले खस्याक्क गऱ्यो -
बा ! खस्याखुस्रु गर्ने के हो ?
कतै बाघ त होइन ?
बाघै भए पनि केही डर छैन । हामी
काँतरियौँ भने हामी त्योसित डराउँछौँ,
हामी सुरियौँ भने त्यो हामीसित डराउँछ ।
जङ्गलको बीचमा एउटा ठूलो पोखरी थियो -
बा ! हेर्नुहोस् त सर्पले मृग निल्दै
गरेको ! कस्तो अनौठो !


अजङ्गको मृगलाई अजिङ्गरले सिङ्गै निल्दै गरेको देखेपछि लछुमन पनि चकितै परे -
छोरा ! यो उमेर भयो यस्तो अनौठो त आजसम्म मैले कतै देखेको थिइनँ । पत्यारै नपर्ने कुरो पो देखियो त !
हेर्दाहेर्दै अजिङ्गरले त्यो हेमानको मृगलाई सर्लक्कै निल्यो -
आज त म साइतै पारेर आएछु । यो अनौठो घटना साथीहरूलाई सुनाउन पाइने भयो । आहा ! क्या मजा !
बाबू ! हामीले आफ्नै आँखाले अजिङ्गरले मृग निलेको देख्यौँ । तर यो कुरा कसैले पत्याउँदैनन् । नपत्याउने कुरा अरूलाई भन्नुहुन्न छोरा !
डाँडा गाउँबाट फर्केपछि समीर स्कूलतिर लाग्यो -
खाली पिरियडमा साथीहरू चउरमा जम्मा भए -
लालेले भन्यो -
यस पटकको बिदामा त म तराई घुम्न गएँ । बाघ र भालुसित त कति जम्का भेट भयो कति !
कुन्तलाले लेघ्रो तान्दै भनी -
हिजो बेलुका नि मैले लालचरीका तगारामा बोक्सी नाचेको देखेकी । काला जगल्टा फिँजाएकी बाबै !


लालेका कुरा सुनिञ्जेलसम्म त समीरले धैर्य गरेको थियो, कुन्तलाका कुरा सुनेपछि उसको धैर्य टुट्यो -
आज बिहान मेरा बा र मैले डाँडागाउँ जङ्गलमा एउटा सर्पले बडेमाको मृग निलेको देखेका ! कति मजा भयो भने !
समीरको कुरा कसैले पत्याएनन् । अन्त्यमा उनीहरूले पाँच रुपियाँको बाजी थापे । स्कूल छुट्टी भएपछि सबै समीरका घरमा गए -
लछुमन काका ! आज बिहान समीर र तपाईंले सर्पले मृग निलेको देख्नुभएको हो ?
खै ! मैले त देखिनँ बाबु हो !
समीर अँध्यारो भयो । साथीहरू भने बुर्लुक्कै उफ्रे । उसले पाँच रुपियाँ दियो -
मैले नभन् भनेको कुरा भनिछस्, पाँच रुपियाँ हारिस् नै । तर धन्दा नमान् छोरा ! पाँच रुपियाँ हार्दैमा पीर मान्नु पर्दैन ।
उनीहरूको गोठको नजीकै एउटा नदी थियो । एक दिन माली गाई बिहाएर बाच्छी पायो -
समीर ! जा जा ! बाच्छीलाई नदीमा चुर्लुम्म डुबाएर ले र माउका कल्चौंडोतिर लगाइदे !
समीरले बाबुले भनेझैं बाच्छीलाई नदीमा डुबाउन लग्यो -


लगातार सात-दस दिनसम्म बाच्छीलाई नदीमा डुबाउँदै, ल्याउँदै, माउको दूध खान दिँदै गर्दा त बाच्छीको बानी परिसकेछ -
बुबा, हेर्नुहोस् त । बाच्छी त घाँटीबाट दाम्लो फुकाइदिनासाथ खुर्र आफैं नदीमा जान्छ र खलमल्ल नुहाएर आउँछ, अनि मात्र दूध खान्छ ।
लछुमन मुसुक्क हाँस्यो -
फेरि साथीहरूसित बाजी थाप्दैनस् त ?
दिउँसोको छुट्टीमा -
तिमीहरू महाका अल्छी ! मान्छेका छोराछोरी भएर पनि कहिल्यै नदीमा नुहाउँदैनौ । हाम्रो त गाईका बाच्छीले पनि दिनहुँ नदीमा नुहाउँछ । नदीमा ननुहाई आमाको दूधसम्म पनि खाँदैन ।
समीरका साथीहरूले पहिलेझैँ नै हाहा गरे । फेरि बाजी थाप्ने कुरा भयो -
यस पटक दस रुपियाँको बाजी थाप्ने ।
भोलिपल्ट बिहानै सबै समीरको गोठमा जम्मा भए । समीरले बाच्छीको घाँटीको दाम्लो फोइदियो -
मेरी प्यारी बाच्छी ! जाऊ, नदीमा नुहाएर आऊ र आमाको बुबू खाऊ ।
बाच्छी ठाडो पुच्छर लाएर नदीमा पुग्यो । खलमल्ल नुहायो -




बाच्छी फेरि दगुर्दै आयो र माउको दूध खान थाल्यो ।
कुन्तला कराई -
हरे भगवान् ! नमरीकन बाँचे संसारमा यस्तो पनि देख्न पाइँदो रहेछ !
साथीहरूलाई अझै पनि पत्यार लागेन कि ?
लाले र अक्कलेहरू खिस्रिक्क परे ।
समीरलाई दस रुपियाँ बुझाएर उनीहरू बाटो लागे ।
खुसीले गद्गद् भएको छोराको अनुहार हेर्दै बाबुले भने -
छोरा ! अब त चित्त बुझ्यो ?
समाप्त

# च्यान्टे घोडाको कथा



च्यान्टे घोडा चिटिक्कको थियो । ऊ आफ्नी आमासँग बस्थ्यो । उनीहरूको बासस्थान रानीवनको पुछारमा थियो । एक दिन . . .
आमा ! भोक लाग्यो !
जा छोरा ! खोलापारि जा । त्यहाँ मीठो दुबो छ, चरेर आ ।
च्यान्टे फुर्तिलो थियो । झटपट तयार भयो -
आमा ! तपाईं नजाने ?
मलाई फुर्सद छैन । तँ एक्लै पनि जान सक्छस् जा ।
च्यान्टे खोलाको तीरमा पुग्यो । खोलो बाढीले धमिलो थियो । तर्न सकिने हो कि होइन ? नजीकै एउटा सुँगुरको पाठो चरिरहेको थियो -
ए भाइ ! यो खोलो कत्तिको ठूलो छ ? तर्न सकिन्छ ?
बाबै नि ! कहाँ तर्न सक्नु ! चुर्लुम्मै डुबाउँछ ।
म खोलापारिको स्वादिलो दुबो चर्न हिंडेको । अब के गर्नु !
ज्यान खतरामा पारेर खोलो तर्नु हुँदैन दाइ ! घरै फर्कनुहोस् ।


च्यान्टे लुरुक्क परेर फर्क्यो । केही पर पुगेको के थियो उसले एउटा उँटको बच्चालाई भेट्यो -
ए दाइ ! मलाई पारि जानु थियो । खोला धमिलो रहेछ । तर्न सकिन्छ होला ?
म भरखरै पारिबाट आएको त हुँ, तर्न किन नसकिने !
पारिबाट भरखरै आएको कुरा सुनेपछि च्यान्टेका मनमा केही आसा पलायो -
तपाईंलाई खोलाले चुर्लुम्मै डुबाएन ?
पानीले मेरा घुँडा त डुबाएन, कहाँ चुर्लुम्म डुबाउनु !
च्यान्टे दोधारमा पर्‍यो । उसले आँट्न सकेन । फर्केर लुखुर लुखुर घर गयो -
आमा ! म त पारि जान् सकिनँ ! खोलो धमिलो रहेछ, म त तर्नै डराएँ ।
खोलो कत्तिको बढेको हो, कसैसँग सोधिनस् त ? सोधेको भए तर्न सकिन्थ्यो कि !


च्यान्टेले सुँगुरको पाठो र उँटका बच्चाको कुरा आमालाई बतायो -
खै ! कसको कुरो पत्याउने, कसको कुरो नपत्याउने !
घोडी बाठी थिई । उसले कुरा बुझिहाली -
मेरो प्यारो च्यान्टु ! सुँगुरको पाठो तँभन्दा कति होचो छ ?
त्यो मेरा घुँडासम्म पनि छैन ।
उँटको बच्चा तँभन्दा अग्लो छ कि होचो नि ?
आमाले पनि के सोध्नुभा ! मभन्दा कता हो कता अग्लो छ नि ।
खोलाको पानी तँभन्दा होचोलाई चुर्लुम्मै डुबाउने, तँभन्दा अग्लाका घुँडा पनि नडुबाउने रहेछ । छोरा ! अब तँ सोच त, खोलो तर्न सक्छस् कि ।



च्यान्टेले एक्कैछिन मनमा केके सोच्यो -
आमा ! म एक-दुई घण्टापछि आउँछु है !
च्यान्टे खोलाको तीरमा पुग्यो । उँटको बच्चो र सुँगुरको पाठो अझै त्यहीँ चरिरहेका थिए । सुँगुरका पाठाले भन्यो -
ए दाइ ! खोलो उस्तै छ । होशियार है, होशियार !
!?!
हेर भाइ ! हेर्दै जाऊ, म कसरी यो खोलो तर्छु !
च्यान्टे पारि पुग्यो । त्यहाँ धेरै घोडाका बछेडा-बछेडीहरू चरिरहेका थिए । एउटी बछेडी उसको नजीकै आई र भनी -
च्यान्टेलाई स्वागत छ !
दुई घण्टापछि च्यान्टे घरमा पुग्यो । ऊ ज्यादै खुसी देखिन्थ्यो ।
अघाइन्जेल हरियो दुबो चरिस् त छोरा ?
आज मैले बल्ल बुझें । सल्लाह अरूको लिनुपर्दो रहेछ, निर्णय आफूले गर्नुपर्दो रहेछ, हकि आमा ?
समाप्त

# बेहुलीको छनोट


अक्कलबहादुरका छोराको नाम श्यामल थियो । श्यामलकी बहिनीको नाम बेथनी थियो । एक दिन . . .
श्यामल ! अब तिम्रो बिहे गर्ने बेला भयो ! एउटी असल बेहुली छान्नुपर्‍यो !
श्यामलले केही लाज मानेजस्तो गर्‍यो -
हुन्छ नि बुबा ! केटी छान्ने कामचाहिँ हजुरले गर्नुपर्छ ।
छोराको बिहेको कुरा सुन्नासाथ बेथनीकी आमा बुधनाले भनिन् -
बुहारी राम्री पनि होस्, असल पनि होस् है !
अक्कलबहादुरले बेथनी र श्यामललाई भने -
जाओ ! तिमीहरूका सबै साथीहरूलाई डाकेर ल्याओ !
अक्कलबहादुरको ठूलो अङ्गुरघारी थियो । उनका सातोटा गाडा थिए । तिनमा गोरु नारिए -
ल है बूढी ! म आउँदा एउटा-दुईटा गाडा अङ्गुरले भर्नू है ।
बेथनी र श्यामल थुप्रै साथीहरू लिएर आइपुगे । उनीहरूले पनि बुधनालाई सघाए -
आमा ! यी सबै अङ्गुर दाजुको बिहे खर्चका लागि हो ?


बिहे खर्चका लागि त होइन तर बिहेका लागि भने हो !
अक्कलबहादुर थप गाडा लिएर आए -
सबै गाडा अङ्गुरले भरिए । गाडा हाँकेर उनीहरू परपरका गाउँतिर लागे -
गाउँमा पुगेपछि अकलबहादुरले छोरालाई सुटुक्क कुन्नि के भने -
तुरुन्तै श्यामल गाडामाथि उभिएर चिच्यायो -
आउनुहोस् ! आउनुहोस् ! घरको कसिङ्गरसँग अङ्गुर साटेर लैजानुहोस् !
बेथनीका साथी टुल्की र फागुनीले पनि झन् चर्को स्वरमा भने -
जति कसिङ्गर ल्याउनुहुन्छ, त्यति नै अङ्गुर पाउनुहुन्छ । मौका नगुमाउनुहोस् !


घरघरमा आइमाईहरू कसिङ्गर बढार्न थाले -
एउटी आइमाई छोरो, छोरी र आफूले समेत भएर तीन टिन कसिङ्गर बोकेर आई -
घर नबढारेको छ महिना भयो । कसिङ्गर भने तीन टिन मात्र भयो ।
अर्की आइमाई पाँच टिन कसिङ्गर लिएर आई । उसको फुर्ती अर्कै थियो -
मैले त कसो वर्ष दिनभरि नै घर नबढारी राखिछु । बढारेकी भए हेर ! कस्तो नोक्सान हुने !
कसिङ्गर ल्याउनेको जात्रै लाग्यो । अङ्गुर साट्ता-साट्ता श्यामलका साथीहरू हैरान भए -
छ्या ! यो गाउँमा त कति कसिङ्गर रहेछ !
कसैले धेरै कसिङ्गर ल्याए, धेरै नै अङ्गुर लिएर गए । कसैले थोरै कसिङ्गर ल्याए, थोरै नै अङ्गुर लिएर गए । भीड विस्तारै पातलिँदै गयो -
अब त यो गाउँको कसिङ्गर सकिएजस्तो छ ।
अङ्गुर साट्ने मान्छे झन्नैझन्नै सकिए । एउटी राम्री केटी त्यसै लाज मानेर छेउतिर उभिएको अक्कलबहादुरले देखे -
तिम्रो नाम के हो, नानी ?


हजुर ! मेरो नाम फूलझरी हो ।
नानीले त अङ्गुर पनि साटिनौ त !
फूलझरीका हातमा कसिङ्गरको सानो पोको थियो -
मेरा घरमा कत्ति पनि कसिङ्गर छैन । भाइले 'अङ्गुर' भनेर पिरल्यो । त्यसैले यो एक मुठी कसिङ्गर पल्लो घरकी काकीसँग मागेर ल्याएकी !
अक्कलबहादुरले खोजेकी असल बेहुली बल्ल भेट्टाए । उनले खुसी भएर भने -
नानी ! तिम्रो घर कुन हो ? हामीलाई तिम्रा घरमा लान सक्छ्यौ ?
फूलझरी साँच्ची नै असल थिई । उसले सबैलाई आफ्ना घरमा लगी -
आम्मै ! कति राम्रो घर ! कति सफा ! कति सुन्दर !
फूलझरीले आफ्ना बाआमासँग अक्कलबहादुरको चिनाजानी गराई । अक्कलबहादुरले मनको कुरो नलुकाईकन भने -
श्यामल मेरो छोरो हो । म तपाईंकी छोरी फूलझरी उसका लागि माग्न आएको हुँ ।
तपाईंजस्ता पौरखीका छोरालाई छोरी दिन पाउनु मेरो सौभाग्य नै हो । म तयार छु ।

Ac·1054


श्यामलले फूलझरीलाई हेऱ्यो, फूलझरीले श्यामललाई हेरी । दुबै मुसुक्क हाँसे -
तुरुन्तै जग्गे तयार भयो । पञ्चेबाजा बज्न थाले । श्यामल र फूलझरी बेहुला-बेहुली बनेर जग्गेमा बसे -
झ्याइँझ्याइँ बाजा बजाउँदै जन्ती फर्के । उनीहरू गाडा चढेर आएका थिए गाडा चढेरै घरतिर लागे । बेथनी र उसका साथीहरू बाजाको तालमा नाच्दै र गाउँदै थिए -
फूलझरीको बिहे यो
श्यामल दाइको बिहे यो
हामी सयौँ जन्ती रे
कल्ले गरोस् गन्ती हे !
जन्ती अक्कलबहादुरका घरमा पुग्यो । नयाँ दुलहा-दुलहीलाई हेर्न गाउँलेहरू टन्नै जम्मा थिए -
मुसुमुसु हाँस्दै बुधनाले दुलहीको घुम्टो खोलिन् -
मेरी प्यारी बुहारी त चन्द्रमाभन्दा पनि राम्री रहिछ !
समाप्त

# एकआपसमा सहयोग गर्ने बानी बसालौँ

